जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २१९ २०७७ साल असार ९ गते मंगलबार (23 June 2020 Tuesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रियता, भू-अखण्डता... ३ पृष्ठमा : कोभिड-१९ को जोखिम... ३ पृष्ठमा :कोरोना भाइरसबाट विश्वमाचार लाख ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# जिल्लाका विभिन्न स्थानका वन क्षेत्रमा १२ वटा पोखरीको जिर्णोद्वार, ५० हजार बिरुवा निशुल्क बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

डिभिजन वन कार्यालय सप्तरीले आर्थिक वर्ष २०७६/७७ मा विभिन्न जातका ५० हजार बिरुवा निशुल्क बितरण गर्नुका साथै तीन वटा नयाँ पोखरी निर्माणसहित जिल्लाका विभिन्न स्थानका वन क्षेत्रमा १२ वटा पोखरीको जिर्णोद्वार गरेको छ ।

डिभिजन वन कार्यालय सप्तरीले वन, वन्यजन्तु, जैविक विविधताको संरक्षण र व्यवस्थापन तथा आर्थिक उपार्जनका लागि विभिन्न गतिविधिमा जोड दिदै सो कार्यहरु गरेको हो ।

वन कार्यालयद्वारा सोमबार सार्वजनिक गरिएको वार्षिक प्रतिवेदनमा सो कुरा उल्लेख गर्दै एक वर्षको अवधीमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त वार्षिक कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याएको उल्लेख गरेको छ ।

डिभिजनल वन अधिकृत सन्तोष कुमार झाका अनुसार संघीय तथा प्रदेश सरकारबाट प्राप्त वार्षिक कार्यक्रम सबै पक्षको सहयोगमा सतप्रतिशत कार्यान्वयन गराउन सफलता मिलेको छ ।

डिभिजनल वन कार्यालयले एक वर्षे अवधीमा दुई स्थानमा सिमसार क्षेत्रको संरक्षण तथा एक स्थानमा अतिक्रमण हटाई वन व्यवस्थापन गर्नुका साथै विभिन्न जातका १५ लाख बिरुवा उत्पादन गरेर सतप्रतिशत लक्ष्य प्राप्त गरेको प्रतिवेदनमा जनाएको छ ।

यस्तै ग्रामिण भेगका वनमा विविध जातका बिरुवा उपलब्ध गराइरहेको तथा चुरे क्षेत्र संरक्षणका लागि समेत विशेष कार्य योजना तयार पारेको उल्लेख गरेको छ । वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्न सरोकारवाला समेतको रायसुझावमा एकिकृत कार्ययोजना बनाएर बढ्दा सफलता मिल्दै गएको वन अधिकृत झाको भनाई छ ।

यस्तै तयार गरिएको योजनामा चोरी तथा वन अतिक्रमण नियन्त्रण, बृक्षारोपण, जिविकोपार्जनका लागि वैकल्पिक कार्यक्रम र सामाजिक सशक्तिकरणलाई प्राथमिकतामा राखेको छ ।

वर्षेणी जंगल क्षेत्र कम हुँदै गई साघुँरो बन्दै जानु, जंगली जनावरको अस्तित्व संकटमा पर्नु तथा हरियाली प्रवर्द्धन कार्य समेत प्रभावित भइरहेका बेला वन कार्यालयले तयार पारेको कार्य योजनाले जिल्लालाई आफ्नै क्षेत्रको वनमा आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्व गरिएको छ ।

यता सोमबारै राजनीतिक दल, रसरोकारवाला तथा संचारकर्मी सम्मिलित टोलीले डिभिजन वन कार्यालयद्वारा २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालित वार्षिक वन विकास निर्माण कार्यको स्थलगत अनुगमन समेत गरेको छ ।

# क्वारेन्टाइनबाट कोरोना संक्रमित फरार

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरीस्थित विभिन्न क्वारेन्टाइनबाट एकपछि अर्को आंशकित र संक्रमित फरार हुने क्रम बढ्दै गएको छ । पछिल्लो पटक सोमबार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित विपि स्मारक विद्यालयको क्वारेन्टाइन केन्द्रबाट एक २४ वर्षिय संक्रमित फरार भएका छन् ।

फरार संक्रमित यूवाको सोमबारै दिउँसो धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त स्वाब परिक्षण रिपोर्टले कोरोना पोजेटिभ देखाएको थियो । उनलाई आइसोलेशनमा लैजाने तयारी गर्दै गरेको बेला विद्यालयको पछाडी पट्टी रहेको पर्खाल नाघेर भागेको क्वारेन्टाइनका स्वास्थ्य इन्चार्ज रामदेव यादवले बताए ।

उनी गत जेठ २२ गते भारतको छत्तिसगढ राज्यबाट घर फर्किएका थिए । सोही दिन उनलाई क्वोन्टाइनमा राखिएको थियो ।

उनी भागे लगत्तै इलाका प्रहरी कार्यालय भारदह तथा सम्बन्धित निकायलाई जानकारी गराएको उनको भनाई छ । जिल्ला प्रहरी कार्यालय सप्तरीले क्वारेन्टाइनबाट भागेका ती यूवा हनुमाननगर कंकालिनी नगरपालिका १ का बासिन्दा रहेको र उनको घर तथा आफन्तमा खोजतलास कार्य सुरु गरिएको जनाएको छ ।

यता तीन दिन अघि मात्र राजविराजस्थित राजदेवी माविको क्वारेन्टाइन केन्द्रबाट एक गर्भवति महिला भागेकी थिइन् । उनको अवस्था अहिलेसम्म प्रहरीले पत्ता लगाउन सकेको छैन् । यस्तै सोही केन्द्रबाट एक साताअघि एक १८ वर्षिय यूवा पिसिआर परिक्षण रिपोर्ट नआउँदै भागेका थिए । बैशाख २९ गते डाक्नेश्वरी नगरपालिकास्थित क्वारेन्टाइन केन्द्रबाट पनि एक जना आंशकित पिसिआर रिपोर्ट नआउँदै भागेका थिए ।

यसरी भागेका मध्ये दुई जना स्थानियवासी र प्रहरीको सहयोगमा पुनः क्वारेन्टाइनमा पठाइएपनि दुई जनालाई भने प्रहरी अझै फेला पार्न सकेको छैन् ।

## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर ११११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना ।"

"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay wallet | himal remit | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# अझै व्यवस्थित हुन सकेन् क्वारेन्टाइन केन्द्रहरु

सप्तरीस्थित विभिन्न क्वारेन्टाइन केन्द्रहरु अहिले अव्यवस्थित र असुरक्षित बन्दै गएका छन् । भारत तथा अन्य मुलुकबाट आउने व्यक्तिहरुलाई १४ दिनसम्म स्वास्थ्य निगरानीमा राख्ने प्रावधान रहेको छ । क्वारेन्टाइन केन्द्रहरुमा उनीहरुलाई राख्ने त गरिन्छ तर, विभिन्न समस्याले उनीहरु ग्रसित हुने गरेका छन् । क्वारेन्टाइन केन्द्र भित्र राम्रो खाना, अब्यवस्थित बसाई, सुरक्षाको दृष्टिकोणले समेत व्यवस्थित नभएका कुराहरु अहिले बाहिर आउन थालेको छ ।

क्वारेन्टाइन भित्र रहेकाहरुले अव्यबस्थित भएको भन्दै आन्दोलन नै गर्न पुगेका छन् । दुई दिनअघि मात्र राजविराजस्थित राजदेवी माविको क्वारेन्टाइन केन्द्रमा रहेका व्यक्तिहरुले स्वाब परिक्षणको रिपोर्ट ढिलो आएको भन्दै भोकहड्ताल नै गर्न पुगे । यसरी हेर्दा सरकारले क्वारेन्टाइन ब्यवस्थापन गर्न सम्पूर्ण स्थानिय तहलाई निर्देशन त दियो तर, त्यसलाई अझ व्यवस्थित गर्न सकिएको छैन् । यता क्वारेन्टाइन संचालन र व्यवस्थापनको नाममा करोडौ रकम निकासा गरेर स्थानिय तहले सबै बजेट सिध्याएको छ । तर, त्यसको सकारात्मक प्रतिफल आएको छैन् ।

कतिपय क्वारेन्टाइन केन्द्रबाट भाग्न समेत सफल भएका छन् । हालसम्म सप्तरीबाट चार जना क्वारेन्टाइनबाट भागिसकेका छन् । तसर्थ क्वारेन्टाइनको व्यवस्थापन राम्ररी गर्न सकिएन भने संक्रमित र आशंकितहरु भाग्ने क्रम बढ्दै गयो भने सामाजमा त्रासको महौल उत्पन्न हुनुका साथै जनता आक्रोसित समेत बन्न समय लाग्दैन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रियता, भू-अखण्डता र जातीय एकता



**अमरनाथ मण्डल**

राष्ट्रिय भू-अखण्डता र जातीय एकतामा नै नेपालीको सुख स्मृद्धि अन्तरनिहित रहेको छ । राजनैतिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, आर्थिक न्याय, सामाजिक न्याय तथा जातीय एवम् भाषिक समानताको अधिकारका साथै विकासको समान अवसरको प्राप्तिबाट मात्र राष्ट्रिय एकता र सच्चा राष्ट्रिय एकताको भावनाको विकास हुन्छ । सम्पूर्ण नागरिकहर साझा उद्देश्य, उद्देश्यको प्राप्तिको लागि एकताबद्ध हुने भावना नै राष्ट्रियताको भावना हो ।

एकताको परिभाषालाई विभेदीकरणको नितिमा अंगीकार गरी वर्षौ देखि मधेशका मधेशी माथि विभेद गर्दै आईरहेको नितिको कारणले गर्दा मधेशी सधैं उपेक्षित, शोसित र उत्पीडित नै रहँदै आएको आएको छ । मधेशका शासक वर्ग अथवा शासक जातीको निमित दुहुनु गाई जस्तो मात्र रहने गरेको मधेशी समुदाय जातीय र भाषिक रुपले पनि शोसित उत्पीडन हुन पुगेका नेपाल तराईका जनतालाई मधेशी भन्ने अथवा भारतीय भनेर हेप्ने अपमानित गर्ने र राज्य साताका अंगहरु जस्तै प्रशासन, सेना, प्रहरी आदि सेवामा उचित प्रतिनिधित्व नगराउनु उनीहरुको भाषा संस्कृतिको उपेक्षा गरेर उनीहरु माथि उत्पीडन गरेको कैयौ उदाहरणहरु रहेको छ ।

मधेश र मधेशीहरुले अधिकार प्राप्तिको लागि तीन-तीन वटा गरिएको मधेश आन्दोलनहरु शासकीय प्रपञ्चमा पारेर प्रपञ्च गरी आन्दोलनहरुलाई वार्ताको नाटक गरी विफल तुल्याएका छन् । नेपालको प्रमुख अंगको रुपमा रहेको मधेश सधैं अन्य भण्डारको निर्माण गरी शासक वर्गहरुको हातमुख सम्म अन्न पुगाउने गरेको कारणले गर्दा शासनमा रजाई गरिरहेको शासक वर्गहरु अझै विभेदीकरणको नितिहरुलाई अंगीकार गरिरहेका छन् । नेपालमा अमुल्य परिवर्तन सँगै प्रजातन्त्र र गणतन्त्रको स्थापना सँगैको लडाईमा मधेशी समुदायहरुले खेलेका भुमिकाहरुलाई पाखा पाखा लगाई मधेश र मधेशीका भावनालाई समाहित नगर्ने संविधानको निर्माण गरी मधेशी जनता माथि दमन र शोषण अख्तियार गरी सैयौंको मृत्युको शैयामा पुगाएको इतिहासहरु हाम्रो सामु विदितै नै रहेको छ ।

नेपालमा सबैको आकांक्षा अनुरुप संविधानको निर्माण हुनुपर्ने अवाधारणाको साथ मधेशी जनताको बीचमा पनि आशा पलाई रहेको अवस्थामा संविधानमा काखा पाखा गरी मधेशी जनतालाई कतिपय अधिकारबाट बञ्चित गर्ने सुनियोचित षड्यन्त्रलाई मधेशी जनताले समयमा बुझेपछि मधेश आन्दोलन मार्फत संविधान संशोधनको माग सहित मधेशी जनताहरुले सडकमा आन्दोलनको नारा साथ आफ्नो मागहरुलाई अगाडी सारे । अहंकारले भरिएको शासक वर्गहरुले दमनको दाण्डव नाचबाट निहता तथा सर्व साधारणहरु मधेशी जनता माथि गोली प्रहार गरी हत्याको श्रृखंलालाई अगाडी बढाए ।

मधेश र मधेशी नेपालको प्रमुख अंग रहेको सन्दर्भमा भारत लगायत छिमेकी राष्ट्रहरुको नाकाहरुमा मधेशी जनताले आफ्नो देशको भुमिहरुलाई सधैं खबरदारी गरेको, पहरदारी गरेको इतिहास रहेको मधेश र मधेशी समुदायले समय अनुरुप राष्ट्रियताको राष्ट्रभक्तिको सिद्धान्तलाई दर्साएका छन् । तर अहिले मधेशका अधिकांश जातजातिहरुले जातीय आधारमा छिमेकी भारत राष्ट्रमा वैवाहिक सम्बन्धलाई सम्बन्धको रुपमा वर्षौ देखि राख्दै आएको सन्दर्भ लिएर भर्खरै राज्य व्यवस्था सिमितिमा सात वर्षसम्म भारतको चेलीले नेपाली पुरुषसँग विहे गरेको मिति देखि सात वर्षसम्म नागरिकता नदिने निर्णयले फेरि एक चोटी मधेशी जनताहरु निराशको वातावरणमा पुगेका छन् । भर्खरै नक्सा सवालमा मधेशी दलहरुले संसदमा आफ्नो पूर्ण सहयोग दिई राष्ट्रिय एकताको परिभाषालाई अंगीकार गर्दै राष्ट्रियता मधेशी दलहरुमा रहेको सिद्ध गरेका छन् भने तर पनि मधेशको बेटीरोटीको सम्बन्ध, वैवाहिक सम्बन्धहरुमा पर्ने असरहरुको बाधक अहिले सरकार र शासक वर्गहरु बन्दै गईरहेको छ ।

नेपालको भु-भाग अरु कुनै देशले अतिक्रमण गरेपछि नेपालमा रहेका नेपालीहरु चाहे त्यो मधेशी होस, चाहे त्यो आदीबासी होस कसैले कुनै आधारमा पनि सहन गर्ने अवस्था रहँदैन । हामी आफ्नो भुमिलाई सुरक्षाको लागि सधैं तमतयार रहेको इतिहासले देखाइ सकेका छन् । तर पनि हामीलाई भारतीय भावनासँग गाँस्नु नै शासक वर्गहरुको नियतलाई बुझ्न गाह्रो अवस्थामा अहिलेको नेकपाको सरकार र यसमा रहेका शासकीय सिद्धान्तवादले अहिले पनि मधेशको भावनालाई बुझ्नुपर्ने अवस्था देखिन्छ ।

वैवाहिक अंगीकृत नागरिकतालाई सात वर्षको करार अवधि दिएको सन्दर्भमा अहिले सर्वत्र विरोध भईरहेको देखिन्छ । तर नेपालमा नै कतिपय नेपालका नागरिकहरुले दोहोरो नागरिकता लिई विदेशमा सम्पत्ति थुपार्ने गरेको प्रसंगहरु हामीहरु समय समयमा सञ्चार माध्यमहरुबाट थाहा हुन आउँछ । अहिले पनि नेपालका अधिकांश संख्यात्मक तुलनामा विदेशमा घर बनाई नेपाल र विदेश दुवै ठाउँको नागरिकतालाई प्रयोग गरिरहेको सन्दर्भमा सरकार मौन रहेका छन् । यस्तो विभेद नितिले गर्दा नेपालका राष्ट्रभक्त मधेशी समुदायहरु मर्माहित बन्न पुगेका छन् । मधेश नायक गजेन्द्र नारायण सिंह, बाबा रामजन तिवारी जस्ता मधेशी विर सपुतहरुले शासकीय नितिहरु अख्तियार गरेका शासक वर्गहरुसँग लडाई लड्दै आएको अवस्थामा अहिले सामाजवादी र राजपा एकीकरणको माझमा पुगेको अवस्थाले मधेशवाद, मधेशी जनतालाई राज्य सातासँग आफ्नो साझेदारीको मागहरुलाई अझै सशक्त रुपमा अगाडी बढ्ने आशा पलाएको अवस्थामा मधेशी दलका नेताहरुले मधेश आन्दोलनको जनादेश तथा मधेशका वीर सपुतहरुले दिएका सहादतहरुको बलिदानीको सम्मान गर्नुपर्ने अवस्था आएको छ । हामी राष्ट्रिय एकताको पक्षमा राष्ट्रवादको पक्षमा सधैं रहेको अवस्थामा हामी माथिको दमन समय समयमा हुनु नै हाम्रो अधिकार वर्षौ देखि खोसिएको प्रमाणहरु सार्थक हुन्छ ।

तराईका बहुसंख्याक मधेशीहरु कृषिमा नै निर्भर रहन्छ । तर बहुसंख्याक किसानहरुसँग जमिन छैन, उनीहरु भुमिहिन सुखुम्बासी रहेका छन् । खेती योग्य जमिन मुठीभर समान्तहरुको हातमा हजारौं विगहा जमिन रहेको छ । त्यसैले मधेशीहरुको ठूलो समस्या समानतावादी शोसन र उत्पीडनको समस्या पनि हो । ती समान्तावादहरु राणाकाल देखि नै पञ्चायतीकाल र प्रजातन्त्र कालमा पनि घाँटी जोडी मधेशमा रहेका शासकहरु पनि मधेशी समुदाय माथि शोसन गरिरहेकोले त्यही शोसकहरु अहिले शासकीय प्रवृत्तिको सिद्धान्त बोकेका सिद्धान्तवादीहरुलाई साथ दिईरहेको अवस्था देखिन्छ । तसर्थ नेपालमा समय समयमा नागरिकता समस्या देखि लिएर आरक्षणको समस्या तथा सरकारी निकाय राज्यमा साझेदारी जस्ता सवालहरुमा सधैं विभेदीकरणको निति अख्तियार गरी शासन गर्ने प्रवृत्तिलाई अन्त्य गरे मात्रै सहि र सार्थक राष्ट्रवाद परिभाषा चारिचार्थ हुने देखिन्छ । त्यसै कारणले अहिले अधिकांश मधेशी समुदायरुको वैवाहिक परम्परा भारतमा हुने गरेको सो एउटा जातीय आधार रहेको कारणले पनि भारतमा नेपालका मधेशी समुदायहरुको अधिकांश जातजाति बसोबास गरिरहेको अवस्थामा वैवाहिक परम्परालाई वर्षौ देखि चलाई रहेको अवस्थामा सात वर्षको पछिको अंगीकृत नागरिकता पाउने अवधारणाहरुले भोलीका दिनमा नेपालमा वैवाहिक परम्परालाई ठूलो अघात पुग्ने देखिन्छ । त्यसै कारणले एउटा वृहत राष्ट्रएकताको परिभाषाको साथ अगाडी बढाई सबै दल र सबै समुह बीच एकता खोजी अंगीकृत नागरिकताको समस्यालाई समाधान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# सङ्क्रमितको आँकलन गरेर भेन्टिलेटर र आइसियुको व्यवस्था

काठमाडौँ, ८ असार (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को सङ्क्रमणबाट हुने सम्भावित बिरामीको प्रक्षेपण गरेर उपचारको व्यवस्था गरेको छ । मन्त्रालयले सङ्क्रमणबाट हुने गम्भीर बिरामीको प्रक्षेपण गरेर मुलुकभरि एक हजार भेन्टिलेटर र एक हजार ८०० सघन उपचार कक्ष (आइसियु) तयारी अवस्थामा राखेको छ । मन्त्रालयका नीति तथा योजना प्रमुख डा गुणराज लोहनीले कोभिड-१९ सङ्क्रमणबाट गम्भीर हुने दुई हजारलाई लक्षित गरेर भेन्टिलेटर र आइसियु बनाइएको बताउनुभयो ।

"अहिले सङ्क्रमण बढदै गए भदौ २ गतेसम्म ४० हजार सङ्क्रमण हुने र तिमध्ये पाँच प्रतिशत बिरामी गम्भीर हुँदा दुई हजार र दुई प्रतिशत भए ८०० बिरामी हुन्छन् भनेर हामीले आँकलन गरेका छौँ", उहाँले भन्नुभयो, "त्यही अनुसार हामीले भेन्टिलेटर र आइसियु शचया तयार पारेका छौँ ।"

सङ्क्रमण बढदै गएपछि मन्त्रालयले प्रति प्रदेश दुई/दुई वटा अस्पतालका दरले पाँच/पाँच वटा आइसियु र दुई दुई वटा भेन्टिलेर बनाउन निर्देशन दिएको थियो । यसअघि मन्त्रालयले ८९० भेन्टिलेटर र एक हजार ६०० आइसियु शचया बनाएकोमा त्यो सङ्क्रमित बढ्दै गएपछि भेन्टिलेर र आइसियु शैय्या थप गरेको हो । मन्त्रालयले कोभिड -१९ सङ्क्रमितमध्ये अधिकांश गम्भीर प्रकारको बिरामी नहुने भएकोले अहिले बनाइएका भेन्टिलेटर र आइसियु शचयाले पुग्ने आँकलन गरेको छ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले ९८ प्रतिशत सङ्क्रमित कोभिड-१९ सँग सम्बन्धित कुनै लक्षण नदेखिएको बताउनुभयो । उहाँले सङ्क्रमण नदेखिएका बिरामीलाई

*बाँकी तीन पृष्ठमा*

# कोभिड-१९ को जोखिम मूल्याङ्कन गर्ने विधि (कोभिरा) सार्वजनिक

काठमाडौं, ८ असार (रासस)।

कोभिड-१९ को व्यक्तिगत तथा स्थानीय जोखिम मूल्याङ्कन गर्न सकिने विधि (कोभिरा) सार्वजनिक गरिएको छ। विभिन्न विषय विज्ञको सहभागितामा साइन्स हब नेपालले निर्माण गरेको यो विधि नेपाल इन्जिनियर्स एशोसिएशनले आइतबार एक कार्यक्रममार्फत सार्वजनिक गरेको हो।

सो विधि प्रयोग गर्न डब्लुडब्लुडट कोभिरा डट इन्फो वेबसाइटमा जानुपर्नेछ। वेबसाइटमा आफ्नो तथा आफ्ना परिवारको व्यक्तिगत मूल्याङ्कन गर्न सकिन्छ भने नेपालभित्रका जुनसुकै ठाउँको स्थानीय जोखिम पनि हेर्न सकिन्छ। एशोसिएशनका महासचिव छवि पोखरेलले यस्तो अनुसन्धानमुलक विधिले नेपाल र नेपालीलाई यो महामारीको समयमा जोखिम व्यवस्थापनमा धेरै सहयोग पुग्ने बताउनुभयो। बेलायतको हडर्सफिल्ड विश्वविद्यालयका प्राध्यापक पदम सिङ्खडाले यस किसिमको जोखिम मूल्याङ्कन विधिले सरकार, समुदाय तथा व्यक्ति स्वयंलाई धेरै उपयोगी हुने बताउनुभयो।

अनुसन्धानमा आधारित, वैज्ञानिक तथ्य, विधि र प्रमाणका आधारमा तथ्याङ्क विश्लेषण गरी क्षेत्रीय तथा स्थानीय अवस्थासमेतलाई समेटेर बहुआयामिक वैज्ञानिक तथा विशेषज्ञ मिलेर बनाइएको यो नै पहिलो 'एप्लिकेशन' भएको दाबी गरिएको छ। बेलायतको ब्रिस्टोल युनिभर्सिटिमा कार्यरत डा ऋषिराम पराजुलीले यसको आधार कसरी तयार गरिएको छ भन्नेबारे प्रस्तुति दिनुभएको थियो। यस विधिले कोभिड सङ्क्रमण भएमा पनि उमेर, लिङ्ग, दीर्घरोगको अवस्थाले आफ्नो जोखिम कति छ, साथै आफ्नो अन्य विविध दैनिक कार्यका आधारमा आफूलाई कोभिड सर्नसक्ने जोखिम कति छ भन्नेबारे आँकलन गर्नेछ।

साइन्स हबका अनुसन्धानकर्ता तथा नेपाल खुल्ला विश्वविद्यालयका डा भोजराज घिमिरेले यसमा प्रयोग भएको प्रविधि, 'डाटा' को गोपनीयता तथा सुरक्षालगायत निकट भविष्यमा हुने परिमार्जनसम्बन्धी विषयमा जानकारी दिनुभएको थियो। साइन्स हबले यसलाई थप व्यवस्थित गर्दै लैजाने, स्थानीय तहका विविध तथ्याङ्क समुदायस्तरबाटै समेत लिन सकिने तथा बहुभाषामा यो 'एप्लिकेशन' निर्माण गर्ने जनाइएको छ।

**कोभिरा के हो र यसको प्रयोग कसरी गर्ने ?**

कोभिरा, हाल चलिरहेको कोभिड-१९ महामारीको जोखिम मूल्याङ्कन गर्ने विधि हो। यसमा कुनै पनि व्यक्तिले आफ्ना बारेमा सोधिएका केही प्रश्नको उत्तर दिएर आफ्नो व्यक्तिगत जोखिम मूल्याङ्कन गर्न सकिनेछ। यसका साथै आफू बसिरहेको क्षेत्रमा कोरोना सर्नसक्ने जोखिमको अवस्था के छ र आफूलाई सर्न सक्ने जोखिम कति छ भन्नेबारे पनि मूल्याङ्कन गर्नेछ।

यससँगै नेपालका विभिन्न ठाउँमा विविध कारण हुनसक्ने जोखिम मूल्याङ्कन नक्सा पनि राखिएको छ। सामाजिक, आर्थिक, जनस्वास्थ्य, साथै कोरोना फैलनसक्ने जोखिमका हिसाबले कुन क्षेत्र धेरै जोखिममा छ भन्ने पनि देखाइएको छ। यसमा रहेको 'टोटल रिस्क' बटनमा 'क्लिक' गर्दा नेपालको क्षेत्रगत संयुक्त जोखिम देखाउने छ। कोभिड-१९ को दैनिक अपडेटपश्चात क्षेत्रगत जोखिम परिवर्तन हुनेछन्। यसबाट दैनिकरुपमा जोखिम नक्सा हेर्न सकिनेछ।

व्यक्तिगत जोखिम मूल्याङ्कन विधि चीन, इटाली, जर्मनी, स्पेन, बेलायत तथा अमेरिकाका मृत्यु भएका करिब ६० हजार व्यक्तिको तथ्याङ्कलाई केलाएर बनाइएको हो। व्यक्तिगत जोखिम व्यक्तिको उमेर तथा दीर्घ रोगमा आधारित छ भने सर्नसक्ने जोखिम, स्थानीयस्तरमा कोरोना सर्ने जोखिम तथा व्यक्तिको आफ्ना क्रियाकलापमा निर्भर गर्दछ। यसले जोखिमलाई पाँच तहमा देखाउँछ, अति न्यून, न्यून, मध्यम, उच्च र अति उच्च। बीचमा रहेको सुईले जुन भागमा देखाउँछ, त्यो नै जोखिमको स्तर हुनेछ। कुन अवस्थामा के गर्ने भन्ने सुझाव पनि यसले देखाउनेछ। नेपाल इन्जिनियर्स एशोसिएशनका अध्यक्ष त्रिरत्न बज्राचार्यले वेबनारमार्फत सो 'एप्लिकेसन' सार्वजनिक गर्नुभएको हो।

**आफ्नो घर, व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔं, अरुलाई पनि बाल श्रम प्रयोग नगर्न सूचित गरौं।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

### *सङ्क्रमितको ...*

भेन्टिलेटर र आइसियुको आवश्यकता नपर्ने बताउनुभयो। उहाँका अनुसार अहिले काठमाडौंमा तीन, बुटवलमा ६ र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक जना आइसियुमा राखेर उपचार भइरहेको छ।

मन्त्रालयले सम्भावित बिरामीको प्रक्षेपण गरेर पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु, वीर अस्पताल र त्रिवि शिक्षण अस्पताललाई २०/२० शय्याको आइसियु बनाउने निर्देशन भए बमोजिम तयार पारेको जनाइएको छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले अस्पतालमा रहेका १० मध्ये तीन सङ्क्रमितलाई आइसियुमा राखेर उपचार गरिरहेको बताउनुभयो। अन्य सात जनालाई आइसोलेशनमा राखेर उपचार गरिएको छ। उहाँले ति सङ्क्रमितलाई सास फेर्न गाह्रो हुने र क्लिनिकल्ली रुपमा ठिक नभएका सङ्क्रमितलाई आइसियुमा राखेर उपचार गरिरहेको बताउनुभयो। निर्देशक डा राजभण्डारीले आइसियुमा रहेको बिरामी पनि त्यति गम्भीर खालका नभएको बताउनुभयो।

अहिले दैनिक तीनदेखि ४०० को दरले सङ्क्रमित देखा परेका छन्। नेपालमा पहिलो पटक चीनको वुहान शहरबाट आएका व्यक्तिमा गत माघ ९ गते सङ्क्रमण देखिएको थियो। अहिलेसम्म कूल नौ हजार २६ जना सङ्क्रमण देखिएका छन्। तिमध्ये एक हजार ५७८ जना डिस्चार्ज भएका छन् भने २३ जनाको कोभिड-१९ को कारणले निधन भएको छ।

यसैगरी अहिलेसम्म सात हजार २३१ सङ्क्रमित आइसोलेशनमा छन्। एक लाख ७५ हजार १७३ जनाको पीसीआर र दुई लाख ६२ हजार १७४ को आरडीटी परीक्षण गरिएको छ। अहिले मुलुकभर २२ प्रयोगशालाबाट पीसीआर परीक्षण गरिन्छ।




## विश्व समाचार

# कोरोना भाइरसबाट विश्वमा चार लाख ७० हजारभन्दा बढीको मृत्यु ९० लाख ५१ हजारभन्दा बढी संक्रमित

जेनेभा स्वीट्जरल्याण्ड, ८ असार (रासस/एएफपी)।

कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख ७० हजार ८२२ पुगेको छ।

साथै यस संक्रमणबाट विश्वभर ९० लाख ५१ हजार ९४९ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ।

नेपाली समयानुसार सोमबार मध्याह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४८ लाख ४२ हजार ४३ जना निको भएका छन्।

हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ३७ लाख ३९ हजार ८४ व्यक्ति उपचाररत रहेका छन्। संक्रमितहरुमा ५४ हजार ७३६ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुवे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २३ लाख ५६ हजार ७१५ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख २२ हजार २४८ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा १७ लाख ७९ हजार ८७० जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ७१ हजार ५२४ जनाको मृत्यु भएको छ।

उत्तर अमेरिकामा २७ लाख ३५ हजार ५९५ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ एक लाख ५५ हजार २० जनाको मृत्यु भएको छ।

युरोपमा २३ लाख १० हजार ९६१ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८७ हजार ६२६ को मृत्यु भएको छ।

एसियामा १९ लाख ६ हजार ४०७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ४८ हजार ३६५ जनाको मृत्यु भएको छ।

अफ्रिकामा तीन लाख नौ हजार ३०१ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने आठ हजार १४८ जनाको मृत्यु भएको छ।

ओसियानामा नौ हजार ९४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

# दक्षिण कोरियाले पाकिस्तान र बंगलादेशका नागरिकलाई प्रवेशाज्ञा नदिने

सोल, ८ असार (रासस/एएनआई)।

दक्षिण कोरियाले कोरोना भाइरसका संक्रमितहरु बढ्दै गएको भन्दै पाकिस्तान र बंगलादेशका नागरिकलाई प्रवेशाज्ञा नदिने भएको बताएको छ।

दक्षिण कोरियाको समाचार समिति, योनहापले सोमबार सो समाचार दिएको छ। योनहाप समाचार समितिले भोली मंगलबारदेखि लागू हुनेगरी दक्षिण कोरियाले यो निर्णय गरेको समाचारमा जनाएको छ।

दक्षिण कोरियाले तर पाकिस्तान र बंगलादेशका कूटनीतिक क्षेत्रका कर्मचारीहरुका साथै अत्यावश्यक व्यापारिक प्रयोजनका लागि प्रवेशाज्ञा आवश्यक परेकोमा भने दिने पनि जनाएको छ।

दक्षिण कोरियामा पछिल्लो समयमा कोरोना भाइरसका संक्रमितहरुको संख्या बढ्दै गएको देखिएको छ। यहाँका अधिकारीहरुले ती संक्रमितहरु पछिल्ला केही दिनमा पाकिस्तान र अफगानिस्तानबाट गएका नागरिकमा देखिएको बताएका छन्।

सोही कारणले ती देशबाट हुने आवागमनलाई सरकारले रोक्ने जनाएको छ। साथै सरकारले ती देशबाट दक्षिण कोरियामा भइरहेका उडानहरुमध्ये नियमित बाहकका अरु उडानलाई पनि हालका लागि रोक्ने जनाएको हो।

शनिबारदेखि यहाँ ठूलो संख्यामा नयाँ संक्रमित भेटिएका बताइएको छ। निकै लामो समयपछि यहाँ एकै दिन यतिधेरै मानिस संक्रमित भेटिएका हुन्।

यहाँका स्वास्थ्य अधिकारीहरुले गत शनिबारमात्र ६७ जना संक्रमित भेटिएको बताएका थिए। गत मे २८ पछि यहाँ पहिलो पटक यति ठूलो संख्यामा संक्रमित भेटिएका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन्।

दक्षिण कोरिया कोरोना भाइरसको नियन्त्रणमा सफल देशका रुपमा मानिन्छ। यहाँ पछिल्लो समयमा उक्त प्रकोप नियन्त्रणमा रहेको पाइएको छ।

प्राप्त समाचारमा यहाँ गत शनिबारको तथ्यांकमा १२ हजार ३७३ जना संक्रमित छन्। साथै यहाँका २८० जना नागरिकको यो भाइरसको संक्रमणबाट निधन भएको बताइएको छ।

# काँग्रेसका यूवा नेताहरुद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

व्यवस्थित क्वारेन्टाइन, लकडाउन अवधीमा कर माफी, किसानहरुको समस्या समाधान गर्न लगायतका माँग राख्दै सोमबार नेपाली काँग्रेस निकट यूवाहरुले राजविराजमा बिरोध प्रदर्शन गरेका छन् ।

राजविराजस्थित गजेन्द्र चौकमा काँग्रेसका युवा नेता इर्साद अन्सारी नेतृत्वमा यूवाहरुले सो बिरोध प्रदर्शन गरेका हुन् ।

सोही बिरोध प्रदर्शनका क्रममा यूवाहरुले प्ले कार्ड बोकेर विदेशी नागरिक बुहारी बनेर भित्रिएको सात वर्षपछि मात्र नागरिकता दिने सत्ताधारी दल नेकपाको निर्णयको बिरोध समेत गरेका छन् ।

काँग्रेसका यूवा नेता इर्साद अन्सारीले अहिलेको सरकारले जनतालाई राहतको साटो थप रिणको भारमा पार्दै किसानहरुको समस्याप्रति थोरै पनि चिन्तित नभएको आरोप लगाए ।

यूवा नेता अन्सारीले सरकार जनताप्रति गम्भिर नभए सशक्त आन्दोलनमा उत्रने चेतावनी समेत दिए ।

# प्रदेश २ का कृषि मन्त्री साहद्वारा संघीय सरकारलाई किसानहरुप्रति गम्भिर हुन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

प्रदेश २ का भूमि व्यवस्था, कृषि सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले अहिले धान रोपाईका बेला उचित र आवश्यक परिमाणमा मलखाद प्राप्त नहुँदा किसानहरूको चिन्ता र चासोप्रति अत्यन्त संवेदनशील रहेको बताएका छन् ।

मन्त्री साहद्वारा सोमबार हस्ताक्षरित जारी विज्ञप्तीमा संघीय सरकारले हालसम्म आपूर्ति गरेको मल आवश्यक भन्दा निकै कम मात्रामा प्राप्त भएको जनाइएको छ । विज्ञप्ति मार्फत आपूर्ति हुन लागिएको १२ हजार मेट्रिक टन मल यसै प्रदेशमा खपत गराउने व्यवस्थाका लागि समेत संघीय सरकारसँग आग्रह गरिएको छ ।

जारि प्रेस विज्ञप्ती जारी मलखाद लगायत कृषिजन्य उत्पादन प्रणाली सुचारु गर्ने सामग्री र पूर्वाधारको सहज तथा सुलभ उपलब्धको लागि संघीय सरकारलाई ध्यानकृष्ट गराएका छन् । प्रदेश २ को धान उत्पादन अग्रपंक्तिमा रहेकोले धान उत्पादनमा प्रयोग हुने मलखादको नियमित आपूर्तिका लागि संघीय सरकारलाई थप गम्भीर बन्न संघीय सरकारलाई आग्रह गरिएको छ ।

माटोको उर्वरा शक्तिमा ह्रास, सिँचाइका लागि अपर्याप्त संरचना, हाइब्रिड बीउको बढ्दो प्रयोग तथा पारिस्थितिकीय प्रणालीमा परेको प्रतिकूल लगायतको असरले तराई मधेसमा खेतीकिसानी कार्य अत्यन्त कष्टप्रद र चुनौतीपूर्ण हुँदै गएको उल्लेख गरिएको छ ।

मलखादको आयात तथा बिक्री वितरण लगायतका कार्य संघीय सरकारमा अधिकार निहित रहेको स्मरण गराउँदै मन्त्री साहले विज्ञप्तीमा किसानहरूले समयमा मलखाद र बीउबिजन नपाउँदा उत्पादन लागत बढ्ने, उत्पादित सामग्रीको परिमाण कम हुने र प्रतिफल प्राप्तिमा कठिनाइ हुने समस्या वर्षौंदेखि रहँदै आएको जनाइएको छ ।

# सप्तरीमा थपिए १३ जना कोरोना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरीमा सोमबार कोरोना संक्रमितको संख्या १३ थपिएसँगै कुल १ सय ७३ संक्रमित संख्या पुगेको छ ।

जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिकाका २, बलानविहुल गाउँपालिकाका ४, राजगढ गाउँपालिका ५ र राजविराज नगरपालिकाका २ जनामा संक्रमण फेला परेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि आइतबार हनुमाननगर कंकालिनी नगरपालिकामा २ दुईजना संक्रमण भेटिएको थियो । यता ७१ जना कोरोनाबाट निको भइ घर फर्किसकेको गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले जानकारी दिएका छन् । बाँकी रहेका १ सय २ जनाको राजविराजस्थित साईकृष्णाको आइसोलेशन केन्द्रमा उपचार भइरहेको जनाइएको छ ।

यता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सोमबारसम्म देशभरमा कोरोना संक्रमितको संख्या ९ हजार ५ सय ६१ पुगेको छ । उनीहरूमध्ये २३ जनाको मृत्यु भएको छ भने २ हजार १ सय ४२ डिस्चार्ज भएका छन् ।

अहिले पनि देशभरका क्वारेन्टिनमा ९० हजार ७ सय ३० जना छन् । यस्तै हालसम्म एक लाख ८१ हजार २ सय ७१ नमुनाको आरटी सीपीआर टेस्ट गरिएको छ भने २ लाख ६८ हजार १ सय ३ र्‍यापिड डायग्नोस्टिक टेस्ट ( आरडीटी) गरिएको मन्त्रालयले जनाएको छ ।

# वडा कार्यालयमा तालबन्दी

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरीको तिरहुत गाउँपालिका वडा नम्बर २ को कार्यालयमा तालाबन्दी गरिएको छ ।

वडा अध्यक्ष जयप्रकाश यादवले नियम विपरीत काम गरेको भन्दै स्थानियहरुले सो तालाबन्दी गरेका हुन् ।

अध्यक्ष यादवले आफ्ना वडामा निमार्ण, कृषि, स्वास्थ्य, शिक्षा लगायत सम्पूर्ण काममा विगत तीन वर्षदेखि एकलौटि एवं मनोमानि तरीकाले मापदण्ड बिपरित गुणस्तरहीन काम गरेको स्थानीयहरुले आरोप लगाएका छन् ।





**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*